नेपाल सरकार

गृह मन्त्रालय

**प्रहरी प्रधान कार्यालय**

**( मानवश्रोत विकास विभाग, भर्ना तथा छनौट शाखा )**

नक्साल, काठमाण्डौं ।

प्रथम पटक प्रकाशित मिति :- २०७३/१०/२० गते ।

# नयाँ भर्ना सम्बन्धी सूचना !!!

नेपाल प्रहरीमा **प्राविधिक समूह** अन्तर्गत विभिन्न उप-समूहरु तर्फ रिक्त **प्रहरी जवान** पदमा खुल्ला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार पूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट रु.१०।-को टिकट टाँसी (स्वयं उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

## १. आवश्यक माग पद संख्या:-

| सि. नं. | विज्ञापन नं. | उप-समूह | खुल्ला | अमर/ अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ./ज. | मधेसी | महिला | दलित | पि.क्षे. | |
| १. | ०७३/७४/०४ (क) | मेकानिकल ईन्जिनियरिङ्ग तथा सवारी | ५२ | २ | १३ | १२ | ८ | ६ | ३ | **९६** |
| | ०७३/७४/०४ (ख) | मेकानिकल-विपत व्यवस्थापन | १० | - | २ | २ | २ | १ | १ | **१८** |
| २. | ०७३/७४/०५ | स्वास्थ्य | १४ | १ | ३ | ३ | २ | १ | १ | **२५** |
| ३. | ०७३/७४/०६ | सञ्चार | ३८८ | १४ | १०१ | ८८ | ६३ | ४८ | १६ | **७१८** |
| ४. | ०७३/७४/०७ | संगीत | ३३ | १ | ८ | ८ | ५ | ४ | २ | **६१** |
| ५. | ०७३/७४/०८ | आवास तथा भौतिक ईन्जिनियरिङ्ग | १३ | - | २ | ३ | २ | १ | १ | **२२** |
| ६. | ०७३/७४/०९ | सूचना प्रविधि/कम्प्यूटर | १० | - | २ | २ | १ | १ | १ | **१७** |
| ७. | ०७३/७४/१० | कुकुर स्कुल | २९ | २ | ७ | ६ | ४ | ३ | २ | **५३** |
| ८. | ०७३/७४/११ | विधि विज्ञान | १० | - | २ | २ | २ | १ | १ | **१८** |
| ९. | ०७३/७४/१२ | हातहतियार (आरमर) | ३ | - | - | १ | - | - | १ | **५** |

## २. दरखास्त दिने मितिः- २०७३/११/०१ गतेदेखि २०७३/११/३० गतेसम्म ।

## ३. दरखास्त फाराम पाइने र बुझाउने स्थानहरु :-

| सि.नं. | उप-समूह | दरखास्त फाराम पाईने र बुझाउने स्थानहरु |
|---|---|---|
| १. | मेकानिकल ईन्जिनियरिङ्ग तथा सवारी | • महानगरीय प्रहरी परिसरहरु **काठमाण्डौं, भक्तपुर र ललितपुर** ।<br>• पूर्व क्षेत्रीय प्रहरी तालिम केन्द्र, **रानी विराटनगर** ।<br>• मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र, **दुधौली सिन्धुली** ।<br>• पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र, **बुटवल** ।<br>• मध्य पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र, **नेपालगंज** ।<br>• सुदूर पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र, **दिपायल** ।<br>• जिल्ला प्रहरी कार्यालयहरु सबै (७२) । |
| | मेकानिकल-विपत व्यवस्थापन | |
| २. | स्वास्थ्य | |
| ३. | सञ्चार | |
| ४. | संगीत | |
| ५. | आवास तथा भौतिक ईन्जिनियरिङ्ग | |
| ६. | सूचना प्रविधि/कम्प्यूटर | |
| ७. | कुकुर स्कुल | |
| ८. | विधि विज्ञान | |
| ९. | हातहतियार (आरमर) | |

## ४. उमेर/दरखास्त दस्तुर :-

| उमेरको हद | दरखास्त दस्तुर |
|---|---|
| दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २३ वर्ष ननाघेको र बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ। | दरखास्त फारामसाथ राजश्व दस्तुर वापत रु.१०० (एक सय) बुझाउनु पर्नेछ । साथै एक भन्दा बढी समावेशी समुहमा दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येक समुहको लागि २० प्रतिशत (रु.२०) का दरले थप दस्तुर लाग्नेछ। |

## ५. आवश्यक न्यूनतम योग्यता :-

| सि.नं. | समूह | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १. | मेकानिकल ईन्जिनियरिङ्ग तथा सवारी | १. शैक्षिक योग्यताः- कम्तीमा टेष्ट उत्तीर्ण भई मान्यता प्राप्त प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् वा सो सरहको संस्थाबाट सम्बन्धित विषयमा दोस्रो तहको शिप प्रमाण पत्र प्राप्त गरेको ।<br>२. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँ नपाएको,<br>३. राजनीतिक दलको सदस्य नरहेको,<br>४. आतङ्ककारी संगठनको सदस्य नरहेको ।<br>५. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।<br>६. उचाई, छाती र तौलः<br>७. (क) पुरुष- उचाई घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल कम्तीमा ५० के.जी.<br>८. (ख) महिला- उचाई घटीमा ५ फिट, तौल कम्तीमा ४२ के.जी.<br>९. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।<br>१०. नेपाली नागरिक । |
| | मेकानिकल-विपत व्यवस्थापन | १. शैक्षिक योग्यताः- कम्तीमा टेष्ट उत्तीर्ण भई मान्यता प्राप्त प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् वा सो सरहको संस्थाबाट सम्बन्धित विषयमा दोस्रो तहको शिप प्रमाण पत्र प्राप्त गरेको ।<br>२. मेकानिकल ईन्जिनियरिङ्ग तथा सवारी तर्फको लागि तोकिए बमोजिम सि.नं.(२) देखि (१०) सम्मको अन्य योग्यता पुरा भएको । |
| २. | स्वास्थ्य | १. शैक्षिक योग्यताः- एस.एल.सी. उत्तीर्ण पश्चात मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा तिन महिना स्वास्थ्य सम्बन्धी तालिम प्राप्त गरेको ।<br>२. मेकानिकल ईन्जिनियरिङ्ग तथा सवारी तर्फको लागि तोकिए बमोजिम सि.नं.(२) देखि (१०) सम्मको अन्य योग्यता पुरा भएको । |
| ३. | सञ्चार | १. शैक्षिक योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उतीर्ण गरी सम्बन्धित विषयमा कम्तीम ६ महिने तालिम प्राप्त गरेको वा सो सरहको कोर्ष पुरा गरेको ।<br>२. मेकानिकल ईन्जिनियरिङ्ग तथा सवारी तर्फको लागि तोकिए बमोजिम सि.नं.(२) देखि (१०) सम्मको अन्य योग्यता पुरा भएको । |
| ४. | संगीत | १. शैक्षिक योग्यताः- साधारण लेख पढ गर्न जान्ने ।<br>२. सामान्य स्टाफ नोटेशन सम्बन्धी ज्ञान भएको, कुनै एउटा सङ्गीत विद्यामा म्युजिक हेरी बजाउन सक्ने ।<br>३. मेकानिकल ईन्जिनियरिङ्ग तथा सवारी तर्फको लागि तोकिए बमोजिम सि.नं.(२) देखि (१०) सम्मको अन्य योग्यता पुरा भएको । |
| ५. | आवास तथा भौतिक ईन्जिनियरिङ्ग | १. शैक्षिक योग्यताः- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् वा सो सरहको संस्थाबाट सम्बन्धित विषयमा सिप प्रमाण पत्र प्राप्त गरेको ।<br>२. मेकानिकल ईन्जिनियरिङ्ग तथा सवारी तर्फको लागि तोकिए बमोजिम सि.नं.(२) देखि (१०) सम्मको अन्य योग्यता पुरा भएको । |
| ६. | सूचना प्रविधि/कम्प्यूटर | १. शैक्षिक योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी. वा सो सरह उतीर्ण गरेको तथा मान्यता प्राप्त तालिम संस्थाबाट कम्तिमा १ महिनाको सुचना प्रविधि विषयको तालिम सिप प्रमाण पत्र प्राप्त गरेको ।<br>२. मेकानिकल ईन्जिनियरिङ्ग तथा सवारी तर्फको लागि तोकिए बमोजिम सि.नं.(२) देखि (१०) सम्मको अन्य योग्यता पुरा भएको । |

| सि.नं. | समूह | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| ७. | कुकुर स्कुल | १. शैक्षिक योग्यताः- कम्तिमा एस.एल.सी. उतीर्ण गरेको ।<br>२. मेकानिकल ईन्जिनियरिङ्ग तथा सवारी तर्फको लागि तोकिए बमोजिम सि.नं.(२) देखि (१०) सम्मको अन्य योग्यता पूरा भएको । |
| ८. | विधि विज्ञान | १. शैक्षिक योग्यताः- नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उर्तिण गरेको ।<br>२. मेकानिकल ईन्जिनियरिङ्ग तथा सवारी तर्फको लागि तोकिए बमोजिम सि.नं.(२) देखि (१०) सम्मको अन्य योग्यता पूरा भएको । |
| ९. | हातहतियार (आरमर) | १. शैक्षिक योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उतीर्ण गरी ६ महिनाको जनरल मेकानिक्स तालिम प्राप्त वा टि.एस.एल.सी. पास गरेको ।<br>२. मेकानिकल ईन्जिनियरिङ्ग तथा सवारी तर्फको लागि तोकिए बमोजिम सि.नं.(२) देखि (१०) सम्मको अन्य योग्यता पूरा भएको । |

६. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरुः-**

| | |
|---|---|
| क) | नेपाली नागरिकताको प्रतिलिपि १(एक) प्रति । |
| ख) | हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ५ (पाँच) प्रति । |
| ग) | आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति । |
| घ) | **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि । |
| ङ) | **दलितका** लागि राष्ट्रिय दलित आयोगवाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि । |
| च) | **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारीसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि । |
| छ) | **पिछडिएको क्षेत्रका** लागि (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउ विकास समिति वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरिएको । स्थायी वसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु पर्नाको कारण उल्लेख भएको पत्र लिएको हुनु पर्नेछ । |
| ज) | **अमर/अशक्त प्रहरी परिवारको लागि** अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाताप्रमाणित कागजपत्र । |
| झ) | दरखास्त फाराम सँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडिपट्टि सक्कल बमोजिम नक्कल ठिक छ भनि उम्मेदवार स्वयंले दस्तखत गर्नु पर्नेछ । |

**७. परीक्षा विधिः-** प्रारम्भिक स्वास्थ्य परीक्षण/शारीरिक तन्दुरुस्ती परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट संचालन हुने), प्रयोगात्मक परीक्षा र अन्तरवार्ता ।

**८. सम्पर्क मिति तथा स्थानः-** मिति २०७३/१२/१५ गते विहान ११:०० बजे, दरखास्त दर्ता गरेको सम्बन्धित प्रहरी कार्यालयमा ।

**पुनश्चः**

१. हरेक चरणको परीक्षा समाप्ती पश्चात् नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।
२. परीक्षा संचालन गर्दा खुल्ला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिचमात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।
३. दरखास्त पेश गर्दा सक्कल प्रमाणपत्रहरु साथमा लिई उम्मेदवार स्वयं उपस्थित हुनु पर्नेछ ।
४. यस विज्ञापन सम्बन्धी सूचना नेपाल प्रहरीकोको वेभसाईट ***www.nepalpolice.gov.np*** मा समेत हेर्न सकिनेछ र दरखास्त फाराम डाउनलोड गरी आवश्यक कागजातहरु संलग्न राखी तोकिएको कार्यालयमा पेश गर्न सकिने छ ।

मितिः- २०७३/१०/२० गते ।

नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय, नक्साल

**प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
भर्ना तथा छनौट शाखा
नक्साल, काठमाण्डौं ।